NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

**प्रेस विज्ञप्ति**
**आश्विन १२, २०८३**

## एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्डको इकाई ३ कार्य दिनमा नै माग भन्दा बढी आवेदन प्राप्त । थप आवेदन प्राप्त भएमा योजनाको आकार रु.८० करोडबाट बृद्धि गरी रु.१ अर्वसम्म कायम गर्न सकिने ।

एन आई सी एशिया क्यापिटल योजना व्यवस्थापक रही संचालन हुने "एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्ड" (NIC ASIA Equity Opportunity Fund) को प्रति इकाई मूल्य रु.१०/– दरका ८,००,००,००० (आठ करोड) इकाई मध्ये न्यूनतम १,२०,००,००० ( एक करोड बीस लाख) वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई कोष प्रबर्द्धक एन आई सी एशिया बैंक लिमिटेडको लागि सुरक्षित राखि बाँकी रु.१०/- अंकित दरका ६,८०,००,००० (छ करोड असी लाख) इकाई इकाई मिति २०८३ आश्विन, ०७ गतेदेखि मिति २०८३ आश्विन, १३ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा संस्था/सर्वसाधारणहरुबाट माग गरे भन्दा बढी आवेदन प्राप्त भएको हुँदा योजनाको इकाई मिति २०८३/०६/१३ गते बुधबार, बैंकिङ्ग समय पश्चात् सो इकाई खरीदका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्डमा आज मिति २०८३/०६/१२ गते साँझ ५:०० बजेसम्म रु.८० करोड रकम भन्दा बढीको इकाई खरिदको लागि आवेदन परेको व्यहोरा जानकारी गराइन्छ । स्वीकृत विवरण पुस्थिकामा रहेको व्यवस्था अनुसार उक्त एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्डको आकार रु.८० कारोडबाट बृद्धि गरी रु.१ अर्बसम्म कायम गर्न सकिने व्यवस्था रहेको हुँदा उक्त योजनाको इकाई खरिद गर्नका लागि मिति २०८३ आश्विन १३ गते बैंकिङ्ग समयसम्म आवेदन दिन सकिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

एन आई सी एशिया इक्वीटी अपोर्चुनिटी फण्ड दश वर्ष अवधि रहेको छैठौं बन्दमुखी योजना हो । योजनामा संकलित अधिकांश रकम धितोपत्रको दोश्रो बजारमा सूचिकृत कम्पनीहरुमा लगानी गरिने छ । उक्त योजनामा संकलित रकम भविष्यमा राम्रो प्रतिफल दिन सक्ने र राम्रो ग्रोथ सम्भावन भएका कम्पनीहरुमा अध्ययन र अनुसन्धान गरी लगानी गरिनेछ । उक्त योजनाको न्यूनतम १०० इकाई र अधिकतम १ करोड इकाईसम्मको लागि खरिद आवेदन दिन सकिन्छ भने इकाई खरिदको लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरुको शाखा कार्यालय र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको **"मेरो शेयर"** सफ्टवेयर मार्फत आवेदन दिनु पर्नेछ ।

उक्त योजनाको इकाई खरीदका लागि नेपाली नागरिक, गैरआवासीय नेपालीको प्रमाणपत्र (परिचय पत्र) जारी भएका व्यक्ति, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै सञ्चय कोष, कल्याणकारी कोष, गुठी, अक्षय कोष आदिले इकाई खरिद गर्न आवेदन दिन सक्ने छन् ।

Ramendra

NIC ASIA CAPITAL

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य